# आर्थिक वर्ष २०७८/७९ को प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रदेश नम्बर दुई

जनकपुरधाम धनुषा

# आर्थिक वर्ष २०७८/७९ को प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** आर्थिक वर्ष २०७८/७९ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले,

प्रदेश नम्बर दुईको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश विनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन विक्रम सम्वत् २०७८ साल साउन १ गते देखि प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७८/७९ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार:** आर्थिक वर्ष २०७८/०७९ को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची- २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्चको समेत उल्लेख गरी महल ७ मा उल्लिखित जम्मा रु. ३३,६६,४२,८४,०००।- **(अक्षरेपी तेत्तीस अर्ब छैसट्ठी करोड बयालिस लाख चौरासी हजार मात्र )** मा नबढाई

निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को लागि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमका अनुसूची- २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिन आएमा प्रदेश सरकार, अर्थ मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढने गरी कुनै एक वा एकभन्दा बढी अनुदानबाट अर्को एक वा एकभन्दा बढी अनुदानमा रकम सार्न तथा निकासा र खर्च जनाउन, चालु तथा पूँजीगत खर्च र खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

तर,

(क) एउटै अनुदान संख्याभित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ ।

(ख) पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम सावाँ भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

(४) स्थानीय तहका लागि अनुदान संख्या ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान संख्यामा रकमान्तर हुने छैन ।

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ६०१ र ६०२ मा विनियोजन भएको रकम जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

(६) मन्त्रालयमा एक मुष्ट रुपमा विनियोजित रकम प्रदेश सरकारले स्वीकृत गरेको कार्यक्रममा बाँडफाँड गरिनेछ ।

(७) यस ऐनमा अन्यत्र भएको व्यवस्था बाहेक प्रदेश सरकारले स्वीकृत गरेको कार्यक्रम चालु आर्थिक वर्षको कार्यक्रममा समावेश गरिनेछ ।

(८) छुट हुन गएका क्रमागत योजना चालु आर्थिक वर्षको कार्यक्रममा समावेश भएको मानिनेछ । सो को लागि अवश्यक बजेटको व्यवस्था गर्नुपर्नेछ ।

४. <u>अन्तर सरकारी वित्तीय हस्तान्तरण:</u> (१) अनुदान संख्या ८०१ को रकम स्थानीय तहले प्रचलित कानून बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रुपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम मध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा आर्थिक वर्षको त्रैमासिक रुपमा चार किस्तामा दाखिल गर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजश्व संकलन हुन नसकेमा प्रदेश सरकारले उपदफा (२) बमोजिमको

पहिलो किस्ता बाहेक अन्य किस्ता र सो वापतको रकम संकलित राजश्वको अनुपात अनुसार पुनः निर्धारण गरी प्रदेश सरकारले निर्धारण गरेको समयमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चित कोषमा दाखिल गर्नेछ ।

(४) उपदफा (२) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा प्रत्येक आर्थिक वर्षको त्रैमासिक र वार्षिक आर्थिक विवरण अर्को वर्षको साउन मसान्तभित्र पेश गर्नु पर्नेछ ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिल गरिने छैन ।

(६) स्थानीय तहले वित्तीय समानिकरण अनुदान बाहेकका अन्य अनुदान बापतको खर्च भएको रकमको अर्धवार्षिक विवरण माघ पन्ध्र गतेभित्र र वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको साउन पन्ध्र गतेभित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय

वा प्रदेश लेखा इकाई कार्यालयमा पेश गर्नुपर्नेछ ।

(७) समानिकरण अनुदान बाहेक अन्य अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा ईकाइ कार्यालय मार्फत साउन पन्ध्र गतेभित्र प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम अनुदानको रकम फिर्ता दाखिल नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को वर्ष हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नेछ ।

(९) कार्यविधि बनाई प्रदेश सरकारले निर्णय गरे बमोजिम स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने छ ।

५. <u>योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्थाः</u> (१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश सरकारको विषयगत मन्त्रालयले

स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय गर्नु पर्नेछ ।

(२) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम स्थानीय तहले प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा विषयगत मन्त्रालयको सिफारिसमा अर्थ मन्त्रालयको स्वीकृति लिई सम्बन्धित स्थानीय तहले त्यस्तो योजना वा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको निर्णयको जानकारी अर्थ मन्त्रालय, प्रदेश सरकारको विषयगत मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित स्थानीय तहलाई दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम स्थानीय तहले कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी प्रदेशको एकल खाता कोष प्रणालीमा स्थानीय तहको कार्यालयलाई प्रादेशिक निकायको रुपमा कार्यालय कोड दिई सोही कोडबाट प्रचलित प्रदेश कानून बमोजिमको रकम निकासा दिनु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा स्थानीय तहले प्रदेश निकायको नाममा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा ईकाई कार्यालयमा रहेको विविध खातामा जम्मा हुने गरी निकासा दिनुपर्नेछ।

६. <u>लेखाङ्कन, प्रतिवेदन तथा लेखा परीक्षण सम्बन्धी व्यवस्थाः</u> (१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण रकम विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

(३) नेपाल सरकारबाट प्रदेश सरकारलाई वित्तिय हस्तान्तरण हुने सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएको कुनै योजना तथा कार्यक्रम प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्दा वैदेशिक सहायता सम्झौता बमोजिम नेपाल सरकारबाट

निर्दिष्ट ढाँचामा खर्च गर्ने निकायले छुट्टै अभिलेख राखी निर्धारित समयमा सम्बन्धित मन्त्रालय, सोधभर्ना माग गर्ने निकाय, प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रतिवेदन पेश नभएको कारणबाट खर्च रकम सोधभर्ना हुन नसकेमा यसरी सोधभर्ना हुन नसकेको बरावरको रकम दफा ४ को उपदफा (८) बमोजिम कट्टा गरी समायोजन गरिनेछ ।

७. <u>वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः</u> (१) स्थानीय तहले आफुले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान कानून बनाई खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहाय बमोजिमको व्यवस्था समावेश हुने गरी बनाउनु पर्नेछः-

(क) नेपाल सरकार तथा प्रदेश सरकारको आर्थिक र वित्तीय नीतिको अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

(घ) पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने,

(ङ) प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ तथा अन्य प्रचलित कानूनले निर्धारण गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा लेखा प्रणाली लागू गर्नु पर्ने ।

८. <u>अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्थाः</u> (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिन देखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा

विनियोजन भएको निकायको प्रमुखले सम्बत् २०७८ साल भाद्र मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई बाँडफाँट गरी त्यसको जानकारी प्रदेश सरकार, अर्थ मन्त्रालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

(५) प्रदेश सम्बन्धी प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ । त्यस्तो कार्यक्रमको विनियोजित रकम प्राप्त गर्ने निकायको प्रमुखलाई खर्च गर्ने अख्तियारी प्राप्त भएको मानिनेछ ।

तर, बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम, लक्ष्य, परिमाण र स्थान किटान नभएको अवण्डा रकमका सम्बन्धमा अर्थ मन्त्रालयले जारी गरेको बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन बमोजिम सम्बन्धित मन्त्रालयले भाद्र पन्ध्र गतेभित्र अवण्डा रकम बाँडफाँट गरी सो को स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले प्रदेश सरकार, अर्थ मन्त्रालयको सहमति लिई संशोधन गर्न सक्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रममा उल्लिखित क्रियाकलापको वार्षिक स्वीकृत बजेटमा फरक नपर्ने गरी प्रदेश सरकारको स्रोत तर्फ सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले देहाय बमोजिम कार्यक्रम संशोधन तथा रकमान्तर गर्न सक्नेछ।

(क) एकै बजेट उपशीर्षक भित्रको भईरहेको क्रियाकलापको परिमाणात्मक लक्ष्य थपघट गर्ने गरि कार्यक्रम संसोधन,

(ख) खण्ड क बमोजिम कार्यक्रम संशोधन गर्दा रकमान्तर गर्नुपर्ने भएमा स्रोत परिवर्तन नहुने गरी आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ को उपदफा २ को अधिनमा रही थप हुने खर्च शीर्षकको सुरु विनियोजनको पच्चीस प्रतिशतसम्म,

(ग) एक भन्दा बढी निकायमा बाँडफाँट एकै बजेट उपशीर्षक अन्तरगतको एकै खर्च शीर्षकको रकम एक निकायबाट घटाई अर्को निकायमा थप गर्नुपर्ने भएमा रकम घटाउने कार्यालयसँग सम्बन्धि प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयको निकासा रोक्का राखेको पत्रको आधारमा क्रियाकलाप परिवर्तन नगरी तथा कुल परिमाणात्मक लक्ष्यमा नघट्ने गरी कार्यक्रम संशोधन ।

(८) उपदफा (६) र (७) बमोजिम संशोधन वा रकमान्तर सम्बन्धित मन्त्रालय वा निकायको लेखा उत्तरदायी अधिकृतले प्रदेश मन्त्रालयगत बजेट सुचना प्रणालीमा प्रविष्ट गराउनु पर्नेछ र सो को जानकारी प्रदेश सरकार अर्थ मन्त्रालय, महालेखा परीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्नेछ ।

९. <u>कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्नेः</u> (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ ।

(३) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने व्यवस्थाका सम्बन्धमा अर्थ मन्त्रालयले आवश्यक मार्गदर्शन बनाउन सक्नेछ ।

१०. <u>आदेश जारी गर्न सक्नेः</u> यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा फुकाउन आवश्यक आदेश जारी गर्न सक्नेछ।

# अनुसूची - १

## दफा २ सँग सम्बन्धित

## (नेपालको संविधान बमोजिम)

## प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम

रु.हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.स. | अनुदान संख्या र उपशीर्षक संकेत संख्या | मन्त्रालय/ निकायको नाम | चालु तर्फ | पुजागत तर्फ | वित्तिय व्यवस्था | कुल बजेट |
| १ | २०२ | प्रदेश सभा | ९७,७९ | - | - | ९७,७९ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ७३,६७ | - | - | ७३,६७ |
| ३ | ५०२ | अर्थ- आन्तरिक ऋण भुक्तानी | १०,००,०० | - | - | १०,००,०० |
| ४ | ६०२ | अर्थ मन्त्रालय - फैसला वा आदेश अनुसार तिर्नु पर्ने रकम | १,००,०० | - | - | १,००,०० |
| कुल जम्मा | | | १२,७१,४६ | - | - | १२,७१,४६ |

# अनुसूची -२

(दफा २  र ३ सँग सम्बन्धित)

## प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम

रु.हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.स. | अनुदान संख्या र उपशीर्षक संकेत संख्या | शीर्षकको नाम | चालु तर्फ | पूँजीगत तर्फ | वित्तिय व्यवस्था | कुल बजेट |
| १. | २०२ | प्रदेश सभा | ३०,५१,५० | १,०३,०० | - | ३१,५४,५० |
| २. | २१० | प्रदेश लोक सेवा आयोग | ८,१३,३१ | १,९५,०० | - | १०,०८,३१ |
| ३. | २१३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | २,१४,७० | २०,०४ | - | २,३४,७४ |

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.स. | अनुदान संख्या र उपशीर्षक संकेत संख्या | शीर्षकको नाम | चालु तर्फ | पूँजीगत तर्फ | वित्तिय व्यवस्था | कुल बजेट |
| ४. | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९३,४६,५६ | २,८९,५०,४० | - | ३,८२,९६,९६ |
| ५. | ३०५ | अर्थ मन्त्रालय | २८,८८,९९ | ४,७०,०० | - | ३३,५८,९९ |
| ६. | ३०७ | उद्योग पर्यटन तथा वन मन्त्रालय | १,०३,५१,१४ | १,७५,६२,५७ | - | २,७९,१३,७१ |
| ७. | ३११ | कानून, न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय | ५,००,०० | ५,००,०० | - | १०,००,०० |

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.स. | अनुदान संख्या र उपशीर्षक संकेत संख्या | शीर्षकको नाम | चालु तर्फ | पूँजीगत तर्फ | वित्तिय व्यवस्था | कुल बजेट |
| ८. | ३१२ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | १,५५,५४,१७ | १,१४,०६,७५ | - | २,६९,६०,९२ |
| ९. | ३१३ | खानेपानी तथा उर्जा विकास मन्त्रालय | १५,००,०० | १,०४,२४,०० | - | १,१९,२४,०० |
| १०. | ३१४ | आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय | २१,२३,७३ | २३,१२,५० | - | ४४,३६,२३ |
| ११. | ३३० | वाणिज्य आपुर्ति तथा विज्ञान प्रविधि मन्त्रालय | ५,००,०० | ५,००,०० | - | १०,००,०० |

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.स. | अनुदान संख्या र उपशीर्षक संकेत संख्या | शीर्षकको नाम | चालु तर्फ | पूँजीगत तर्फ | वित्तिय व्यवस्था | कुल बजेट |
| १२. | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १,५४,९९,३८ | ७,१२,५७,८५ | - | ८,६७,५७,२३ |
| १३. | ३४० | महिला वालवालिका युवा तथा खेलकुद मन्त्रालय | १५,००,०० | ३५,००,०० | - | ५०,००,०० |
| १४. | ३५० | सामाजिक विकास मन्त्रालय | ३,०८,६०,०१ | १,३३,४४,८० | - | ४,४२,०४,८१ |
| १५ | ३९१ | प्रदेश नीति तथा योजना आयोग | ३,६३,०८ | ३३,९२ | - | ३,९७,०० |

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.स. | अनुदान संख्या र उपशीर्षक संकेत संख्या | शीर्षकको नाम | चालु तर्फ | पूँजीगत तर्फ | वित्तिय व्यवस्था | कुल बजेट |
| १६ | ६०१ | कर्मचारी सुविधा तथा सेवा निवृत्त सुविधा | २५,०० | - | - | २५,०० |
| १७ | ६०२ | अर्थ मन्त्रालय- विविध | ४,१८,२०,१४ | २,००,००,०० | - | ६,१८,२०,१४ |
| १८ | ८०१ | स्थानीय तह | १,११,५०,०० | - | - | १,११,५०,०० |

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.स. | अनुदान संख्या र उपशीर्षक संकेत संख्या | शीर्षकको नाम | चालु तर्फ | पूँजीगत तर्फ | वित्तिय व्यवस्था | कुल बजेट |
| कुल जम्मा | | | १५,६०,६२,०१ | १८,०५,८०,८३ | - | ३३,६६,४२,८४ |